बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०३।०९ गते, समयः विहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०३।०९ गते मंगलबारका दिन विहान ८:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री सुनिल पौडेल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारी | | | | |
| १ | अनिस काफले | अधिकृत आठौ तह | | |
| २ | सुवाश धमला | लेखा अधिकृत | | |
| ३ | मनोज भट्टराई | शिक्षा अधिकृत | | |
| ४ | गोकुल घिमिरे | कुपरभाईजर | | |

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०९ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१) प्रस्ताव नं १- आर्थिक विधेयक स्वीकृत गरि नगरसभामा पेश गर्ने सम्बन्धमा।

२) प्रस्ताव नं २ - वडास्तरीय योजना तथा कार्यक्रमहरु स्वीकृत गरि नगरसभामा पेश गर्ने सम्बन्धमा।

३) प्रस्ताव नं ३ - चालु आ.व.को सिँचाई तथा खानेपानी पाईप खरिदको लागि विनियोजित रकमको दायित्व तथा विनियोजनमा समावेश गर्ने सम्बन्धमा।

४) प्रस्ताव नं ४ - कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको रकम सम्बन्धमा।

५) प्रस्ताव नं ५ - विनियोजन विधेयक स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा।

६) प्रस्ताव नं ६ - स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रमको कार्यान्वयन सम्बन्धमा।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०९ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

## निर्णयहरु

### निर्णय नं १

पाख्रीबास नगरपालिकाको राजस्व परामर्श समितिको बैठकको निर्णय सहित कर राजस्वको दर,दायरा तथा क्षेत्र अनुसार पुनरावलोकन गरि स्वीकृतीको लागि पेश भएको आर्थिक विधेयक २०८३ उपर छलफल गरि पेश भए बमोजिम पारित गरि स्वीकृतीको लागि नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

### निर्णय नं २

पाख्रीबास नगरपालिकाको सबै वडा कार्यालयहरुबाट नगरपालिका बाट आ.व. २०८३।०८४ को लागि दिईएको सिलिङ तथा मार्गदर्शन बमोजिम वडा भेला गरि निर्णय सहित स्वीकृतीको लागि पेश भएका योजना तथा कार्यक्रमहरु वडा हरु बाट पेश भए बमोजिम पारित गरि स्वीकृतीको लागि नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

### निर्णय नं ३

पाख्रीबास नगरपालिकाको चालु आ.व.को मर्मत कोष परिचालन तथा व्यबस्थापन समितिको निर्णय तथा विभिन्न वडाहरुको बजेट अनुसार विभिन्न वडाहरुको सिँचाई तथा खानेपानी पाईप सामग्रीहरु खरिदको लागि विनियोजित रकम बाट विद्युतीय माध्यमबाट सिल्ड कोटेसन आव्हान भई खरिद प्रकृयामा रहेको तर प्रथम पटक प्रकाशित बोलपत्रमा कुनै बोलपत्र पेश नभएको हुँदा दोश्रो पटक अनलाईन बोलपत्र प्रकाशन गरेको अवस्था रहेकोमा पुन बोलपत्र पेश हुने सम्भावना न्यून भएको हुँदा विगत विनियोजन अनुसारको बजेट खर्च हुन नसकेको अवस्थामा उक्त बजेट साविक विनियोजन बमोजिम नै हुने गरि सम्बन्धित वडाहरुको विनियोजनमा थप गरि स्वीकृतीको लागि नगरसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो। साथै चालु आ.व.को फूसको छाना विस्थापन गरि टिनको छाना लगाउने कार्यक्रम अन्तरगत नगर कार्यपालिकाको निर्णय अनुसार छनौट भई चालु आ.व. मा कार्यसम्पन्न हुन नसकी बाँकी रहेका लाभग्राहीहरुको लागि साविक विनियोजित रकम साविक निर्णय बमोजिम नै हुने गरि विनियोजनमा समावेश गरि नगरसभामा पेश गर्ने निर्णय गरियो।

### निर्णय नं ४

आ.व. २०८३।०८४ को कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको सिलिङको लागि विनियोजित रु १०८४०००००।- मध्ये रु ८४०००००।- घटाई १००००००००।- कायम गरि बाँकी रहेको रु ८४०००००।- बाट तपसिल बमोजिम विनियोजनमा समावेश गरि नगरसभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

| सि नं | विनियोजनमा समावेश गर्ने योजना तथा कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | गर्भवती महिला संग उपमेयर कार्यक्रम | रु १००००००।- |
| २ | न्यायिक समिति सञ्चालन तथा व्यबस्थापन कार्यक्रम | रु ४०००००।- |
| ३ | सबै वडाको विनियोजनमा समावेश हुने गरि प्रत्येक वडाको लागि | प्रति वडा रु ७०००००।- |

### निर्णय नं ५

विषयगत शाखाहरु तथा वडा कार्यालयहरुबाट पेश भएका योजना तथा कार्यक्रमहरु सहितको विनियोजन विधेयक २०८३ स्वीकृतीको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०९ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

निर्णय नं ६

पाख्रीबास नगरपालिकाको चालु आ.व. २०८२।०८३ को नेपाल सरकार सशर्त अनुदान तर्फको स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रमको लागि विनियोजित रु २००००००।- बाट उक्त कार्यक्रम कार्यान्वयनयको लागि यस नगरपालिकाका कृषि पेशा व्यबसायमा संलग्न कृषि फर्म, व्यबसाय र कृषकहरुको उत्पादन परिमाणको आधारमा प्रोत्साहनको लागि तपसिल बमोजिम सामग्री खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | प्रोत्साहन सामग्रीको विवरण | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | हाते ट्र्याक्टर | १००००००। | कार्यालयको सुचना बमोजिम प्रस्ताव माग गरि प्राप्त प्रस्तावहरुको आर्थिक विकास समितिको सिफारिस एवं नगर कार्यपालिकाको निर्णय बमोजिम हस्तान्तरण हुने |
| २ | च्याप कटर | १००००००।- | |